# करैयामाई गाउँपालिका
## Karaiyamai Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive
करैया, बारा (Karaiya, Bara)
मधेश प्रदेश, नेपाल (Madesh Province, Nepal)
स्था.:२०७३ (Estd. 2073)

पत्र संख्या/Letter No: २०७९/०८०
चलानी नं./Ref. No.: 2320

मिति/Date: २०८०/०१/२८

**विषय :- खर्च कटौती तथा बजेट रोक्का सम्बन्धमा ।**

**श्री सर्म्पण शाखा तथा महाशाखा,**
**करैयामाई गा.पा., बारा**

उपरोक्त सम्बन्धमा श्री अर्थ मन्त्रालय, सिंहदरवार, काठमाण्डौंको प.स. २०७९/०८० च.नं. ४२१ मिति २०७९/१०/१७ तथा श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाण्डौंको प.स. २०७९/०८० च.नं. ३०५ मिति २०७९/१०/१७ पत्रानुसार संघिय राजस्व बाँडफाँट तथा प्रदेश राजस्व बाँडफाँट वापतको रकम बजेट विनियोजन भएको रकमको मासिक अनुपात अनुसारको बजेट रकमको निकासा प्राप्त हुन नआएकोले तपसिल बमोजिमको खर्च शिर्षकहरुमा २०% प्रतिशत खर्च कटौती तथा बजेट रोक्का राख्न आदेश भए अनुसार गर्न गराउनु हुन जानकारी गराईन्छ । साथै श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाण्डौंको च.नं. १२१ मिति २०८०/०१/१४ पत्रानुसार संघिय सरकारबाट हस्तानातरण हुने वित्तिय समानिकरण वापत अन्तिम किस्ताको ५० प्रतिशत अनुदान रकम रोक्का गरिएकोले यस गाउँपालिका अन्तर्गतका वडास्तरीय तथा नगरस्तरीय दुबै योजनाहरुमा विनियोजन योजनाहरुको सम्झौता हुन बाँकी रहेको योजनाहरु मध्ये ५०% प्रतिशत रकम बराबरका योजनाहरु सम्झौता नहुने तथा विनियोजन भएको बजेट रकम रोक्का राख्ने सम्बन्धित सबै जानकारीको लागि अनुरोध छ ।

तपसिल

| ख.शि.नं. | खर्च शिर्षक | ख.शि.नं. | खर्च शिर्षक |
|---|---|---|---|
| २११३९ | अन्य भत्ता | २२५१२ | सीप विकास तथा जनचेताना तालिम तथा गोष्ठी सम्बन्धी खर्च |
| २११४१ | पदाधिकारी बैठक भत्ता | २२५२१ | उत्पादन सामग्री / सेवा खर्च |
| २२२११ | इन्धन (पदाधिकारी) | २२५२२ | कार्यक्रम खर्च |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | २२५२९ | विविध कार्यक्रम खर्च |
| २२२१३ | सवारी साधन मर्मत खर्च | २२६११ | अनुगमन, मूल्यांकन खर्च |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २२६१२ | भ्रमण खर्च |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | २२६१३ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च |
| २२२९१ | अन्य सम्पत्तिहरुको संचालन तथा सम्भार खर्च | २२६१९ | अन्य भ्रमण खर्च |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | २२७११ | विविध खर्च |
| २२३१४ | इन्धन - अन्य प्रयोजन | २२७२१ | सभा सञ्चालन खर्च |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ३११२२ | मेशिनरी औजार खर्च |
| २२३१९ | अन्य कार्यालय संचालन खर्च | ३११२३ | फर्निचर तथा फिक्चर्स खर्च |
| २२४११ | सेवा र परामर्श खर्च | ३११६१ | निर्मित भवनको संरचनात्मक सुधार खर्च |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ३११७१ | पुँजीगत सुधार खर्च सार्वजनिक निर्माण |
| २२५११ | कर्मचारी तालिम खर्च (तालिम केन्द्र र प्रतिष्ठानबाट संचालन हुने वाहेक मात्र) | | - |

(उदय शंकर चौधरी)
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ
श्री प्रमुख श्री शम्भु प्रसाद यादव,
श्री उप-प्रमुख श्री सुनैना कुमारी चौधरी
श्री वडा अध्यक्ष १देखी ८ सम्म
करैयामाई गा.पा., बारा